म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १२, | अंक २२५ | बुधबार १५ चैत २०७९ | ने. सं. ११४३ चौलाथ्व | 29 March 2023 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## टोकेर कान छिनाइयो

हेटौंडा, १४ चैत/ मकवानपुरगढी गाउँपालिका-६ अजिङ्गरेमा आफ्नै खेतबारीमा काम गरिरहेका एक जनामाथि निर्घात कुटपिट भएको छ । सोमबार बिहान ११ बजे आफ्नै बारीमा मकै छर्न पुगेका ४९ वर्षीय टेकप्रसाद न्यौपानेमाथि स्थानीय ५९ वर्षीय भवानीप्रसाद चौलागाई र कृष्णप्रसाद चौलागाईले कुटपिट गरेका हुन् । न्यौपानेमाथि चौलागाईद्वयले कुटपिट गर्नुको साथै बायाँ कान टोकी आधा कान नै छिनाएको न्यौपानेकी श्रीमती संगीता लोहनी न्यौपानेले जानकारी दिएकी छिन् । संगीताले जिल्ला प्रहरी कार्यालय मकवानपुरमा चौलागाईद्वयलाई पक्राउ गरेर अनुसन्धान गर्न जाहेरी दिन खोजेपनि प्रहरीले जाहेरी लिन नमानेको पीडितपक्षले जनाएको छ । यता, जिल्ला प्रहरी कार्यालय मकवानपुरले ऐलानी जग्गाको विषयमा उनीहरुबीच झगडा भएको जनाएको छ । कार्यालयका प्रवक्ता डिएसपी टेकबहादुर कार्कीले सोमबार नै दुवै पक्षलाई राखेर ऐलानी जग्गाको विषयमा गाउँपालिकासँग समन्वय गर्न अनुरोध गरिएको बताए ।

# बागमतीमा सरकार विस्तार गर्न कार्यदल गठन

साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/ गठबन्धनको शिर्ष तहमा सत्ता साझेदार दलहरुबीच मन्त्रीको विषयमा भागबण्डा नमिलेपछि बालुवाटार बैठक निष्कर्षविहीन बन्न पुग्यो ।

मंगलबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको १० दलको बैठक मन्त्रालय भागबण्डा नमिलेर निष्कर्षहीन बनेको हो । संघीय सरकारमा जस्तै, बागमती प्रदेश सरकार विस्तारमा पनि गठबन्धनको प्रदेश तहमा अलमल छ । संघीय सरकारमा मन्त्रिमण्डलको भागबण्डा नमिले जस्तै बागमतीमा पनि सरकार विस्तारमा सकस देखिएको हो । मन्त्रालय संख्या भन्दा बढी मन्त्रालयमा दाबी परेपछि मंगलबार गठबन्धनका दुई दलले कार्यदल गठन गरेका छन् । काठमाडौंमा गठबन्धनको ठूलो दल नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुरसिं लामा र मुख्यमन्त्री शालिकराम जम्कट्टेलको बैठकपछि कार्यदल गठन गर्ने निर्णय भएको छ ।

बागमतीमा कार्यदलले मन्त्रालय भागबण्डाको टुंगो लगाउने भएको हो । ११ वटा मन्त्रालय संख्या रहेको बागमती सरकारमा नेपाली कांग्रेसले ६, नेकपा (एकीकृत समाजवादी) ले ३ र हाम्रो नेपाली पार्टीले १ मन्त्रालयमा दाबी गरेको छ । २५ पुसमा नेकपा एमाले र राप्रपासहितको गठबन्धनबाट सरकार गठन हुँदा माओवादी केन्द्रले लिएको ४ वटा मन्त्रालय कायम छ । माओवादीले लिइरहेको ४ वटासहित सरकार बाहिर रहेका ३ दलले ९ वटा मन्त्रालयमा दाबी गरेपछि मुख्यमन्त्री जम्कट्टेललाई भागबण्डा मिलाउन सकस देखिएको हो ।

सरकार विस्तारको सम्बन्धमा छलफल गर्न कांग्रेस बागमती संसदीय दलका नेता लामा र मुख्यमन्त्री जम्कट्टेल काठमाडौंमा बसेपछि कार्यदल बनेको हो ।



कार्यदलको संयोजकमा नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका उपनेता रामकृष्ण चित्रकार रहेका छन् । कार्यदलमै पनि भागबण्डाअनुसार सहभागिता छ । ७ सदस्यीय कार्यदलमा कांग्रेसले संयोजकसहित ३ सदस्य, माओवादी केन्द्रबाट २ जना, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीबाट २ जना छन् । कार्यदलको सदस्यमा कांग्रेसबाट कुन्दनराज काफ्ले, तीर्थ लामा, माओवादीबाट सरल सहयात्री, रत्न ढकाल, हाम्रो नेपाली पार्टीबाट सैलेन्द्रमान बज्राचार्य र एकीकृत समाजवादीबाट एक प्रतिनिधि रहेका छन् । एकीकृत समाजवादीको प्रतिनिधिको नाम भने नटुंगिएको संयोजक चित्रकारले जानकारी दिए ।

चित्रकारका अनुसार कार्यदलले तत्काल मन्त्रिमण्डल भागबण्डा टुंगाएर पेस गर्ने भएको छ । कार्यदलका सदस्य तथा माओवादी केन्द्रका सांसद सरल सहयात्रीले हप्ता दिनभित्र सरकार भइसक्ने जानकारी दिए । बिहीवार कार्यदलको बैठक बसेर दलहरुको दाबीमाथि छलफल हुने उनले बताए । 'मन्त्रालय संख्या भन्दा बढीमा दाबी परेको छ । अब कार्यदलले भागबण्डा टुंगो लगाउन समन्वय गर्छ । मन्त्रालय संख्या वृद्धि नगर्नेमा सबै दलहरु एकमत छन् । ११ वटै मन्त्रालयभित्र भागबण्डा हुन्छ', सहयात्रीले भने ।

कांग्रेसले केन्द्रीय गठबन्धनमा भागबण्डा नलागी बागमतीमा सरकार विस्तार नहुने अडान लिँदै आएको छ । सांसद संख्याअनुसार मन्त्रालय भागबण्डा हुनुपर्ने बताउँदै आएको कांग्रेसले केन्द्रकै मोडालिटीमा भागबण्डा टुंग्याउने तयारी गरेको हो । बागमतीमा नेकपा माओवादी केन्द्रबाट जम्कट्टेल मुख्यमन्त्री छन् । उनले १० चैतमा दोस्रो पटकको विश्वासको मत पाएसँगै गठबन्धनमा मुख्यमन्त्रीको लडाई लगभग सकिएको हो । १० चैतमा बसेको प्रदेशसभा बैठकबाट मुख्यमन्त्री जम्कट्टेलले दोस्रोपटक विश्वासको मत लिँदै सरकार निरन्तरताको योजनामा सफल बनेका थिए । विश्वासको मत पाएसँगै जम्कट्टेल सरकार विस्तारको तयारीमा पनि छन् ।

मुख्यमन्त्रीसहित भौतिक पूर्वाधार विकास मन्त्रालय, सामाजिक विकास मन्त्रालयलगायत चार वटामा माओवादी केन्द्रका मन्त्रीहरु नै छन् । बाँकी ७ वटा मन्त्रालय बाँडफाँड हुनेछ । तर, नेपाली कांग्रेसले ६ वटा मन्त्रालयमा दाबी गरेपछि गठबन्धनकै नेकपा (एकीकृत समाजवादी) ले एउटा मन्त्रालय पाउने देखिन्छन् । तर, एकीकृत समाजवादीले एउटा मन्त्रालयमा चित्त नबुझाउने सांसदहरु बताउँछन् । मुख्यमन्त्री आफैंले हाल ७ वटा मन्त्रालय सम्हाल्दै आएका छन् । सरकार गठन हुँदा मन्त्रिपरिषद्मा गएका नेकपा एमाले र राप्रपाले राजीनामा दिएपछि रिक्त मन्त्रालयको काँध जम्कट्टेलले थामिरहेका छन् । २५ पुसमा नयाँ सरकार गठन भएपछि लागेको भागबण्डामा एमालेले ४ वटा र राप्रपाले ३ वटा मन्त्रालय पाएको थियो । राप्रपाले १३ फागुनमै सरकारलाई दिएको समर्थन फिर्तासहित मन्त्रीबाट राजीनामा दिएको थियो भने एमालेले १० गते राजीनामा दिएको हो ।

सत्तामा नहुँदा पनि पहिलोपटक मुख्यमन्त्रीलाई विश्वासको मत दिएको स्मरण गर्दै कांग्रेस मुख्य सचेतक कुन्दनराज काफ्लेले सांसदको सिट संख्याको आधारमा मन्त्रालय भागवण्डा गरिनुपर्ने बताए । उक्त हिसाबले हेर्दा कांग्रेसको भागमा ६ वटा मन्त्रालय पर्न आउने उनको भनाई छ । प्रदेशसभामा २ सिट रहेको हाम्रो नेपाली पार्टीले पनि एउटा मन्त्रालयमा दाबी गरेको छ । हाम्रो नेपाली पार्टीले अघिल्लो गठबन्धनमा पनि मन्त्रालय दाबी गरेको थियो । तर, केन्द्रीय गठबन्धनमा हाम्रो नेपाली पार्टी सहभागी नभएकाले र ठूला दललाई भाग कम हुने भएपछि बागमतीमा मन्त्रालय दिने सम्भावना कम रहेको बुझिन्छ । सरकारलाई समर्थन गरेकाले हाम्रो नेपाली पार्टीलाई कार्यदलमा राखिएको र सरकारमा सहभागी गराउने वा नगराउने पछि छलफल हुने कार्यदल संयोजक चित्रकारले बताए ।

## रानी वनमा वनडढेलो ब्यवस्थापन गोष्ठी

हेटौंडा, १४ चैत/वनमा लाग्ने वनडढेलो नियन्त्रण गर्न सबैको प्रयास अनिवार्य रहेको सहभागीहरुले बताएका छन । सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरको आयोजना र हेटौंडा उपमहानगर पालिकाको सहयोगमा रानी सामुदायिक वन उपभोक्ता समूहको सभाहलमा मंगलवार भएको एक दिने वन डढेलो न्यूनीकरण तथा ब्यवस्थापनसम्वन्धी सचेतनामूलक गोष्ठीका सहभागीले वनडढेलो मानव जीवनको लागि हानी हुने भएकाले सबैले मिलेर वनडढेलो नियन्त्रण गर्नुपर्नेमा जोड दिएका हुन् ।

हेटौंडा उपमहानगरपालिका सामाजिक विकास अधिकृत भैरब बहादुर कुमालको प्रमुख आतिथ्यता एवम महासंघका अध्यक्ष साधुराम चौलागाईको सभाध्यक्षतामा गोष्ठी सम्पन्न भएको हो । गोष्ठीमा वन जङगलमा डढेलो लाग्दा हुने नोक्सानी, वातावरणमा पर्ने प्रभाव, वनमा हुने विभिन्न प्रकारका जडीबुटी, वन्यजन्तु, चराचुरुङी, जैविक विविधतामा पुग्ने क्षेती, डढेलो लाग्दा कसरी नियन्त्रण गर्न सकिन्छ विषयमा जानकारी गराइएको थियो । गोष्ठीमा वनडढेलो लाग्दा निभाउने तरीका र डढेलो नियन्त्रणमा प्रयोग गर्ने सामाग्रीको फिल्ड अभ्यास समेत गराइएको थियो ।

सव डिभिजन वन कार्यालय, हेटौंडाका फरेष्टर देवेन्द्र सञ्जेल र सुन्दर सामुदायिक वनका पूर्वअध्यक्ष बुद्धिप्रसाद पौडेलले गोष्ठीमा सहजीकरण गरेका थिए ।


## सम्पूर्ण ब्राण्डका गाडी

### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३


# बागमतीका १५ सय ८५ पत्रकारलाई दुर्घटना बीमा

साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/ बागमती प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रदेशका पत्रकारलाई सामूहिक दुर्घटना बीमा गरिदिएको छ ।

कानून र सन्चार मन्त्रालयको समेत कार्यक्षेत्र रहेको मन्त्रालयले बागमती प्रदेशका १३ जिल्लाका १ हजार ५ सय ८५ जना पत्रकारको लागि राष्ट्रिय बीमा कम्पनी लि. मार्फत् प्रतिव्यक्ति ४ लाख रुपैयाँको दुर्घटना बीमा गरिएको मन्त्रालयका शाखाअधिकृत सुरेन्द्र कार्कीले जानकारी दिए । कार्कीका अनुसार ६३ करोड ४० लाख रुपैयाँ बराबरको बीमाङ्क रकमको बीमा गरिएको हो । चैत्र ५ बाट लागु हुने बीमालेख अनुसार बीमित पत्रकारको मृत्यु भएमा कुल ४ लाख रुपैयाँ र दुर्घटना भएको खण्डमा एक लाख रुपैयाँ बराबरको औषधिउपचार खर्च भुक्तानी दाबी लिन सकिने बीमा कम्पनीलाई उदृत गर्दै कार्कीले जानकारी दिए ।

आन्तरिक मामिला तथा कानूनमन्त्री गंगानारायण श्रेष्ठले जिम्मेवारी सम्हालेपछि पत्रकारको बीमाको काम छिटो कार्यान्वयन गर्न निर्देशन दिएका थिए । मन्त्री श्रेष्ठको पहलमा पत्रकारहरुको सामूहिक दुर्घटना बीमा लागू भएको हो । यसैगरी मन्त्री श्रेष्ठले नेपाल पत्रकार महासंघ बागमती प्रदेशलगायत अन्य ५ वटा संस्थालाई समेत पत्रकारको क्षमता अभिबृद्धि गर्न सहयोग गरिएको बताए । यसअघि मन्त्री श्रेष्ठको प्रस्तावमा जंगली हात्तीले ज्यान लिएका मकवानपुरका २ जना र सिन्धुलीका १ जना मृतकको परिवारलाई प्रतिपरिवार एकलाख रुपैयाँ राहत उपलब्ध गराइएको थियो ।

यसै बीच, बागमती प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री श्रेष्ठले विपद्को पूर्वतयारी र आपराधिक गतिविधि नियन्त्रण गर्न निर्देशन दिएका छन् । काभ्रेको जिल्ला प्रहरी कार्यालय र कारागारको अनुगमन गर्ने क्रममा मन्त्री श्रेष्ठले जिल्लाको समग्र शान्तिसुरक्षा कायम राख्न निर्देशन दिएका हुन् । प्रमुख जिल्ला अधिकारी पुण्यबिक्रम पौडेल र प्रहरी उपरीक्षक भाग्येन्द्रपुरुष ढकालको टिमसहित मन्त्री श्रेष्ठले सेवाग्राहीलाई चुस्तदुरुस्त सेवा प्रदान गर्न, नदिजन्य पदार्थको चोरी निकासी रोक्नको लागि प्रभावकारी कदम चाल्न निर्देशन दिए ।

काभ्रे कारागारका कैदीबन्दीको दैनिकजीवन, राज्यले दिएको सुविधा सहित अतिरिक्त आवश्यकताका बारेमा समेत जानकारी लिएका थिए । अनुगमनका क्रममा मन्त्री श्रेष्ठले कारागारका समस्यालाई नीतिगत रुपमै हल गर्ने र खुला कारागारको नीति बनाउनेतर्फ पहल गरिने बताए । कारागार प्रमुख परशुराम थापाले राखेको कारागारका भौतिक तथा अन्य समस्यालाई सम्बोधन गरिने प्रतिवद्धता समेत मन्त्री श्रेष्ठले व्यक्त गरेका छन् ।


## खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० बैशाख १७ गतेबाट बिभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोटः- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्कः-

**गोपाल थापा, हेटौंडा बसपार्क**

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,

मोवाईल नं. ९८४५८०८४०२



## घर जग्गा भाडामा

हेटौंडा-४, कमलडाँडा नबोदय बोडिङ अगाडि सरकारी तथा प्राइभेट अफिस, होस्टल, मन्टेश्वरी स्कुल आदिको लागि उपयुक्त २ कठ्ठा जग्गामा कम्पाउण्ड सहित निर्माण भएको ३ तल्ला घर १० कोठा, २ किचन, ३ बाथरुमसहित जम्मा १२ कोठा भएको सुविधा सम्पन्न पार्किङसहित कम्पाउण्ड घेरिएको पुरै घर जग्गा भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

(नोट: भुईं तल्ला फल्याट मात्र पनि लिन सकिनेछ)

सम्पर्क नं.:-

९८४५२६९७१३/९८४५०२०९५१

९८५५०३०९५१ (whatsapp)




साझाकुरा

## हाम्रो कुरा

# जस लिनमात्र होडबाजी, प्रगति शून्य

हेटौंडाको मयुरधापमा औद्योगिक क्षेत्र स्थापना गर्ने भन्दै तामझामसहित सिलान्यास गरियो । औद्योगिक क्षेत्र निर्माणको निर्णय भएको करिब पाँच वर्षपछि शिलान्यास गरियो तर, हातमा लाग्यो शून्य । सयौं युवाले औद्योगिक क्षेत्रमा स्थापना हुने उद्योगमा श्रम गर्न पाइने आशामा बसे । यतिबेलासम्म हेटौंडास्थित मयुरधाप औद्योगिक क्षेत्र अन्यौलमा छ । शिलान्यास गरेकै दुईवर्ष बितिसक्दा पनि काम अगाडि बढ्ने छाँटकाट देखिँदैन । तत्कालीन मन्त्रिपरिषद्बाट २०७२ सालमा निर्णय भएको औद्योगिक क्षेत्रको २०७७ फागुन १४ गते तत्कालीन वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले तामझामसाथ शिलान्यास गरेका थिए । शिलान्यसपछि औद्योगिक क्षेत्रको कुनै काम अगाडि बढेको छैन । औद्योगिक क्षेत्रको निर्माण हुँदा आफूबाट शिलान्यास भएको नाम इतिहासमा राख्नका लागि हतारमा शिलान्यास गरियो । दुई वर्षसम्म वन तथा वातावरण मन्त्रालयमा थन्किएको एउटा फाइनल अगाडि बढाउनेसमेत काम भएको छैन । यो औद्योगिक क्षेत्र निर्माण भएको खण्डमा १० हजार युवाले प्रत्यक्ष वा परोक्ष रुपमा रोजगार पाउने थिए ।

सरकारले औद्योगिक क्षेत्रको कार्यालय र कर्मचारी मात्रै पालेर राखेको छ । प्रस्तावित औद्योगिक क्षेत्रको जग्गा संरक्षण गर्न तारजाली लगाउने काम भएपनि तारजालीको कतिपय स्थानमा नक्सासमेत नभेटिने अवस्थामा पुगिसक्यो । मयुरधापको हावापानी, माटो खेतीयोग्य छैन । औद्योगिक प्रतिष्ठानका लागि भने उपयुक्त रहेको बिज्ञहरुले सिफारिस गरेका थिए । क्षेत्रफलका दृष्टिकोणले देशमै ठूलो औद्योगिक क्षेत्र हेटौंढामा छ । अमेरिकी सरकारको सहयोगमा निर्माण भएको औद्योगिक क्षेत्रमा थप औद्योगिक प्रतिष्ठानका लागि खाली जग्गा छैन । हेटौंडा औद्योगिक क्षेत्रभित्र उद्योग स्थापनाका लागि जग्गा अभाव हुन थालिससकेको अवस्थामा थप एउटा औद्योगिक क्षेत्रको आवश्यक थियो । जसका लागि मयुरधाप औद्योगिक क्षेत्र निर्माण गर्नु नै उपयुक्त विकल्प थियो । पूर्बपश्चिम र उत्तरदक्षिण राजमार्ग, कान्तिलोकपथ, धरान-चतरा, निर्माणाधीन फास्टट्र्याक, टीआरपीलगायतका सडक पहुँचका कारण हेटौंडा उपयुक्त मानिन्छ । अर्कोतर्फ भारतीय मुलुकबाट कच्चापदार्थ भित्राउन सबैभन्दा सजिलो बीरगंज नाका नजिकै भएका कारण हेटौंडामा लगानीकर्ता आकर्षित छन् । औद्योगिक प्रतिष्ठानमा दक्ष प्राबिधिक कामदार अभाव नहोस् भनेर हेटौंडामै बहुप्राबिधिक महाविद्यालय स्थापनाको काम भइरहेको छ । छोटो तथा लामो अवधिका तालिम प्रदान गरी औद्योगिक प्रष्ठिनमा दक्ष कामदार उपलब्ध गराउने भारतीय सरकारले करिब २५ बर्ष अघि नै महाविद्यालय स्थापना गर्न सम्झौता भएको थियो । बल्ल २५ बर्षपछि चित्रेपानीमा महाविद्यालय स्थापनाको काम भइरहेको छ ।

औद्योगिक प्रतिष्ठान स्थापना गर्ने वातावरण निर्माण गर्न नसकेकै कारण हजारौं युवाको रोजगारीको सपना अधुरै छ । सरकार सञ्चालन गरिरहेका राजनीतिक दलहरु सत्ता प्राप्तिमा रुमलिँदा मुलुकको अर्थतन्त्र चलायमान बनाउने र रोजगारीको सृजना हुने परियोजना अलपत्र बनेको छ । हेटौंडा औद्योगिक क्षेत्रले जग्गा भावका कारण मयुरधाप औद्योगिक क्षेत्र छिटो निर्माण हुनुपर्ने थियो । तर, राज्यको आँखा सत्ता प्राप्तिमै केन्द्रित भइरहँदा महत्वपूर्ण परियोजना भने अलपत्र अवस्थामै छन् । कृषिजन्य वा स्वदेशी कच्चापदार्थको प्रयोग गरी उत्पादन गर्ने औद्योगिक प्रतिष्ठानलाई उच्चप्राथमिकतामा राखेर सरकारले प्रस्ताबित औद्योगिक क्षेत्रमा उद्योग स्थापना गर्न सहजीकरण गर्नु जरुरी छ । सत्तास्वार्थको राजनीति छोडेर देश र जनताको हित हुने काम गर्ने दिन कहिले आउला ?

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ चैत १६ गते बिहीबार ३० मार्च २०२३ । नवमी चैत कृष्णपक्ष । चौलाथ्व ११४३ ने.सं. । सूर्योदय ५:५९, सूर्यास्त ६:१९। रामनवमी ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कार्यमा ढिलाइ | **तुला** | : आफन्तबाट सहयोग |
| **वृष** | : ऋण र शत्रु वृद्धि | **वृश्चिक** | : शत्रुबाट बाधा सृजना |
| **मिथुन** | : शैक्षिक कार्यमा सफलता | **धनु** | : सहयोगीहरूले राम्रो साथ दिनेछन् |
| **कर्कट** | : परिवारमा विवाद | **मकर** | : रोकिएका काम बन्नेछ |
| **सिंह** | : खिन्नता रहने | **कुम्भ** | : व्यापारमा विशेष फाइदा हुनेछ |
| **कन्या** | : शैक्षिक कार्यमा सफलता | **मीन** | : शत्रु सजिलै हराउन सकिनेछ |

# संघीयतामा न्यायिक समिति कि स्थानीय अदालत ?



**कलानिधि देवकोटा**

नेपालको संविधानको धारा ५६ अनुसार नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तहको हुने र राज्यशक्तिको प्रयोग पनि तीनै तहका सरकारहरूले संविधान तथा कानुन बमोजिम गर्ने व्यवस्था छ । संविधानको धारा २३२ मा तीन तहका सरकारबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भनिएको छ । तीनै तहका एकल र साझा अधिकारहरूको प्रष्ट प्रावधान अनुसूचीहरूमा रहेको छ ।

यसरी तीनै तहहरू कसैको अधीनस्त नभई एकअर्काका परिपूरक भूमिकामा रहेका छन् । विकेन्द्रीकरणको सिद्धान्तमा नभई 'सन्निकटताको सिद्धान्त'का आधारमा राज्यशक्तिको बाँडफाँड भएको छ । यसै अनुरूप तीनै तहहरूले विधायिकी र कार्यकारी अधिकारको अभ्यास गरिरहेका छन् । स्थानीय तहका ७५३ नगरपालिका र गाउँपालिकामा भने सीमित न्यायिक अधिकार समेत दिएको छ ।

संविधानको धारा २१७ बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न नगर पालिका वा गाउँपालिकामा उपप्रमुखको संयोजकत्वमा 'न्यायिक समिति' रहने प्रावधान छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले न्यायिक समितिलाई १३ वटा देवानी प्रकृतिका र ११ वटा मेलमिलापका माध्यमबाट विवाद निरुपण गर्ने प्रष्ट अधिकार दिएको छ । तथापि फौजदारी मुद्दा भने उनीहरूको कार्यक्षेत्र भित्र पर्दैन । उपरोक्त जिम्मेवारी अनुसार उप-प्रमुखहरूको अध्यक्षतामा तीन सदस्यीय न्यायिक समितिले हाल मेलमिलापका माध्यमबाट वा स्थानीय इजलास चलाएर विवाद निरुपण गरिरहेका छन् । यसबाट समाजमा अमनचैन र शान्ति कायम गर्न मद्दत पुगेको छ ।

न्यायिक समितिको व्यवस्था, अभ्यास तथा मेलमिलाप र स्थानीय न्याय निरुपणको अवस्था बारे आजसम्म जति बहस, छलफल र अन्तरक्रिया भएको छ, त्यो अपर्याप्त छ । उदाहरणका लागि संविधानको धारा २१७ अनुसार न्यायिक समिति न्यायपालिकाको अङ्ग होइन । तर अर्कोतिर स्थानीय सरकारका एकल अधिकारको अनुसूची ८ मा 'स्थानीय अदालत' को व्यवस्था गरिएको छ । यो अत्यन्त विरोधाभासपूर्ण मात्र नभई संशोधनयोग्य समेत रहेको छ ।

२२ वटा एकल अधिकारभित्र १२औं बुँदामा गाउँ, नगर सभा लगायत 'स्थानीय अदालत', मेलमिलाप र मध्यस्थताको उल्लेख छ । यसबारे स्थानीय सरकार संचालन ऐन २०७४ पनि मौन रहेकोले जनप्रतिनिधि, कानुनविद्, कर्मचारीहरू र राजनीतिज्ञ समेत 'स्थानीय अदालत' बारे अनभिज्ञता प्रकट गर्दछन् ।

संविधानले न्यायिक समितिलाई वर्तमान स्वरूपमा किन राख्न चाहेको हो भन्ने विषय पनि चर्चायोग्य छ । वास्तवमा तीन तहका सरकार भनिए पनि तीनै तहका सरकारलाई फरक जिम्मेवारी र अधिकार दिइएको छ । स्थानीय सरकारमा संघ र प्रदेशमा झैं विधायिकी अधिकार दिए पनि सभामुख बेग्लै बनाइएन भने संघ र प्रदेशमा जस्तै प्रतिपक्ष पनि राखिएको छैन । न्यायपालिका हरेक तहमा स्वतन्त्र र तटस्थ अङ्ग हुनुपर्ने भए पनि स्थानीय सरकारभित्रै सीमित अधिकार सहित दिइएको हो भन्ने तर्क केही संविधानसभा सदस्यहरूको रहेको छ । साना-तिना झै-झगडा स्थानीयस्तरमै जनप्रतिनिधिहरूबाट निरुपण गरी औपचारिक अदालतमा मुद्दा मामिला घटाउनु यसको मूल ध्येय हो भन्ने त प्रष्ट नै छ ।

मूल प्रश्न संविधानसभामा न्यायिक समितिको व्यवस्था गर्दा 'स्थानीय अदालत/ बारे पनि छलफल वा मन्थन भयो, भएन ? न्यायिक समिति 'स्थानीय अदालत/ होइन भन्ने कुरा त स्थानीय सरकार संचालन ऐन २०७४ बाट पनि प्रष्ट हुन्छ । स्थानीय तहमा स्वतन्त्र न्यायपालिका नराखेका कारण न्यायिक समितिको नामकरण 'स्थानीय अदालत/ गरिएको र पछि हटाइएको हुन सक्छ भन्ने तर्क पनि सुनिन्छ ।

संविधान निर्माताहरूले 'स्थानीय अदालत/स्वतन्त्र न्यायपालिकाको रूपमा व्यवस्था गरेको भए पनि संघीयता लागू भएपछि दोस्रो कार्यकालका लागि निर्वाचन भइसक्दा समेत ७५३ मध्ये कुनै पनि स्थानीय सरकारमा यो कार्यान्वयनमा आउन सकेन । त्यसैले न्यायिक समिति न्यायपालिकाको नभई कार्यपालिकाकै अङ्ग हो भन्ने प्रष्ट नै छ । स्थानीय व्यवस्थापिका अर्थात् नगरसभामा बेग्लै सभामुखको परिकल्पना नगरी नगरसभा नगरप्रमुखकै अध्यक्षतामा हुने व्यवस्था झैं सीमित अधिकारसहित उपप्रमुखलाई नै स्थानीय न्यायपालिकाको जिम्मेवारी दिइएको हो ।

स्थानीय तहमा औपचारिक न्यायपालिका नराख्ने र जिल्ला अदालतको निरन्तरता कायम राखी न्यायपालिकाको स्वरूप एकात्मक व्यवस्थाकै निरन्तरता दिने उद्देश्य सहित रहेको संवैधानिक प्रावधानमा प्रश्न गर्नु सचेत नेपालीको कर्तव्य हुन जान्छ । नत्र विभिन्न संघीय मुलुकमा झैं म्युनिसिपल कोर्ट र प्रदेशस्तरीय अदालत पनि राख्न सकिन्थ्यो । त्यसैले अहिलेको अहं सवाल नेपालको संघीयताको यात्रामा न्यायपालिका मात्र किन अछुतो रह्यो भन्ने पनि हो ।

न्यायिक समितिमा रहने राजनीतिक व्यक्तिको निष्पक्षता बारे पनि सुरुदेखि नै प्रश्न उठाइने गरेको छ । न्यायिक समिति सदस्यहरूको क्षमताका विषयमा विज्ञ तथा न्यायपालिकाबाटै पनि टिप्पणीहरू हुने गरेको छ ।

यस सन्दर्भमा सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश कल्याण श्रेष्ठले विगतमा गरेको एक फैसलालाई स्मरण गर्नुपर्ने हुन्छ । प्रमुख जिल्ला अधिकारीले अर्धन्यायिक अधिकार प्रयोग गर्ने आधारको मुद्दामा सबै अर्धन्यायिक निकायहरूले न्याय सेवा तालिम केन्द्र वा राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट सो भूमिका निर्वाह गर्नु अगाडि आधारभूत तालिम लिनुपर्ने आदेश छ ।

तथापि यसको कार्यान्वयनमा सम्बद्ध पक्षले गम्भीरतापूर्वक लिएको देखिँदैन । न्यायिक समिति सदस्यहरूको क्षमता अभिवृद्धि गर्दै संवैधानिक प्रावधानलाई सम्मान गरी कार्यान्वयनमा सहयोग गर्नुको साटो उपप्रमुखको उछित्तो काढेको देखिन्छ, जुन अत्यन्तै लज्जास्पद छ ।

अन्त्यमा, राज्यले संवैधानिक प्रावधान रहेको 'स्थानीय अदालत' को स्वरूप, संरचना र भूमिका अब प्रष्ट पार्नुपर्छ वा यसको संशोधनमा पहल गर्नुपर्छ । साथै न्यायिक समिति जस्तो महत्वपूर्ण भूमिका निर्वाह गर्ने उपप्रमुख, उपाध्यक्ष र अन्य सदस्यहरूको क्षमता र नेतृत्व विकासमा जोड दिनुपर्छ । न्यायिक सेवा संवेदनशील विषय भएकोले यसको अधिकार क्षेत्र र संरचनाको स्पष्टता, संस्थागत विकास र व्यवस्थापनमा राज्य गम्भीर हुनुपर्छ ।

यसको अतिरिक्त मुलुकमा व्यवस्थापिका र कार्यपालिका तीनै तहका सरकारमा चाहिएको र न्यायपालिकाले संघीयतामा जानु नपर्ने कारण र औचित्य बारे पनि बहस हुनुपर्दछ । साथै विद्यमान न्यायिक समिति र संघीय नेपालमा रहेको एकात्मक न्यायपालिकाको संरचनाबाट भइरहेको न्याय निरुपण सेवाको समीक्षा र पुनरावलोकन पनि गर्नुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# लोकतन्त्र, छुवाछूत र राष्ट्रपतिको गरिमा

**सञ्जीव कार्की**

**प्रिय राष्ट्रपतिज्यू, राष्ट्रपति पनि आफन्त साथीभाइ चिनजान र विशिष्ट व्यक्तिका निम्तामा सहभागी हुने बिहे, भोज, जन्ती, मलामी, पास्नी, खेतबारी, व्रतबन्ध, छेवर, न्वारन, मन्दिर मस्दिज, गुम्बा आदि जस्ता कार्यक्रममा जान स्वतन्त्र हुनुपर्छ किनभने यी निजी जीवनका कार्य हुन् ।**

लोकतन्त्रमा सेरेमोनियल राष्ट्रपति निर्वाचित हुनेबित्तिकै दलसँगको संलग्नता छोड्ने गरिन्छ । यसको अर्थ हो अब राष्ट्रपति दलभन्दा माथि उठेर देशको बन्ने छन् । दलसँगको संलग्नता कागजमा होइन व्यवहारमा प्रतिविम्बन हुन्छ । राष्ट्रपतिले कार्य सम्पादन गर्दा निर्वाह गरेको भूमिकामा राष्ट्रपति दलको हो कि देशको भनेर विश्लेषण र मूल्याङ्कन हुन्छ ।

दुई राष्ट्रपतिको तीन कार्यकाल जेजस्तो भयो त्यसको आलोचना र खोट देखाउनु यस लेखको उद्देश्य नभएर वर्तमान राष्ट्रपतिको अपेक्षित भूमिकाबारे विमर्श गर्नु हो । हिजोलाई गाली गर्ने होइन विगतको कमजोरी करेक्सन गर्ने र अनुसरणीय पक्षलाई निरन्तरता दिन बहस चलाउने हो । हामी सकारात्मक संस्कृतिका पक्षपाती हौं ।

वर्तमान राष्ट्रपतिले आफू 'गणतन्त्र र राजतन्त्रको राष्ट्र प्रमुखको भूमिकाबारे जानकार छु' भन्दै जनताको राष्ट्रपति बन्ने सङ्केत गर्नुभएको छ । यो निश्चय नै खुसीको कुरा हो । आफ्नो भ्रमणलाई सवारी नभनेर भ्रमण भन्न पनि अनुरोध गर्नुभएको छ । कुमारी मन्दिरमा तामझामबिना गएको र गोरखा दरबारमा पनि सामान्य ढङ्गले जानुलाई सवारी आतङ्कबाट जनतालाई मुक्ति दिने प्रारम्भिक लक्षण भनेर बुझिन्छ । आम मान्छेको राष्ट्रपतिलाई आग्रह पनि त्यही हो ।

सवारी आतङ्क खडागरी आफ्नो सुविधाका लागि सर्वसाधारण जनताको समय बन्धक बनाएर सवारी आतङ्क रच्न सहयोगी बन्न पाइन्न । सवारी सास्तीले जनतालाई राष्ट्रको सर्वोच्च संस्थासँग ठूलो गुनासो छ । जनता परम्परागत राजा होइन, सामान्य जनताको छोरो सहजतासाथ जनताकै नजिक भएर हिँडेको हेर्न चाहन्छन् । तपाईंले निर्माण गर्ने राजमार्ग जनताका लागि साँघुरो हुनुहुन्न । सुरक्षा थ्रेट नभएसम्म राष्ट्रपतिले जनताभन्दा टाढा बस्न पर्दैन ।

आदरणीय राष्ट्रपतिज्यू, सर्वप्रथम लोकतन्त्रको राष्ट्रिय चरित्र विकास गर्न तपाईंबाट यथेष्ट सांस्कृतिक भूमिकाको निर्वाह गर्नुपर्छ । जसमा राष्ट्रप्रेम, त्याग, एकता, सहयोग, इमानदारी, अठोट, कर्तव्यपरायण र नैतिकता, मानवीय मर्यादाजस्ता गुणको मजबुतीकरण आवश्यक देखिन्छ । जसको सुरुवात ६० लाख मान्छेको मर्यादाको खातिर राष्ट्रपतिले निर्माण गर्ने नवसंस्कृति अबको मानवीय मर्यादामा हिँड्ने बाटो हुनुपर्छ । यहाँलाई थाहा छ आज पनि हामी, हामी जस्तै मान्छेलाई अछूत भनेर पशुभन्दा पनि तल राखेर व्यवहार गरिरहेका छौं । कथित छूतले अछूत भनेर गरेको अमानवीय व्यवहारलाई मानवीय मर्यादामा रूपान्तरण गर्न तपाईंले विशिष्ट र नेतृत्वदायी सांस्कृतिक योगदान गर्नुपर्छ ।

सरकारलाई यो असभ्य बर्बर प्रथा अन्त्यका लागि गरिने कानुनी प्रवन्धसँगै आर्थिक, राजनीतिक, मनोवैज्ञानिक, सामाजिक र क्षतिपूर्तिको समेत प्याकेज घोषणा गरेर लैजान घचघच्याउनुपर्छ । यसो गर्दा संविधानको बर्खिलाप हुन्न बरु संवैधानिक हकको प्रत्याभूतिका लागि सरकारलाई सहयोग हुनेछ । छुवाछूत दलित र अछूत भनिएकाहरूको मात्र समस्या नभएर देशको समस्या हो । अन्तर्राष्ट्रिय मानव अधिकार हननको विषय हो । अन्तर्राष्ट्रिय कानुन आकर्षित हुने समस्या हो । भेदभावबिनाको समाज निर्माण गर्न राष्ट्रसैको विश्वव्यापी घोषणापत्र सन् १९४८ लाई हामीले आत्मसात गर्यौं । सबै प्रकारका जातीय विभेद उन्मूलनको महासन्धि सन् १९६९ का पक्ष राष्ट्रसमेत बनेका छौं ।

मानव अधिकारको खिलाफमा रहेको देशको राष्ट्राध्यक्ष भनेर कतै विदेशी फोरममा तपाईंलाई सोध्न सक्छन् ? तपाईं तीन हजार वर्षदेखि मानव अधिकार हनन गर्ने देशको राष्ट्रपति हो भनेर कसैले भने के जबाफ दिनुहुन्छ ? तपाईंसँग त्यसको जबाफ छ ? छुवाछूत जस्तो घिन लाग्दो प्रथा विस्तारै र क्रमश: कम हुँदै जान्छ भनेर अझै हामी मौन बस्यौं भने त्यो अपराध र पापको मतियार हामी पनि बन्नेछौं । तसर्थ महामहिमज्यू हाम्रो नाकको दाग (हाम्रो सभ्यताको धब्बा) मेटौं । समता, मर्यादा र आत्मसम्मानसहित सबैसँगै बाँच्ने आधारभूमि तयार गरौं । मर्यादा सम्मान र विवेक प्रयोग नगर्ने हामी पो अछूत हौं होइन र ?

मानवीय मर्यादामा आफूलाई मात्र उच्च देख्ने हामी साँचिकै निच हौ, पतीत हौ, अपराधी हौं । पीडक समुदायको व्यक्ति भएर बस्नुपर्दा मजस्तो भुइँ मान्छेलाई असाध्यै लज्जाबोध भएको छ ? तपाईंलाई पनि पक्कै लज्जानुभूति भएको हुनुपर्छ । तपाईं राष्ट्रको अभिभावक तपाईंले आफ्ना नागरिकलाई जात र धर्मका आधारमा उच र निच मान्ने गलत प्रथा मेटाउन गर्न एउटा सांस्कृतिक इरेजर निर्माण गरी त्यसलाई इरेज गर्दै हिँड्ने परिपाटी बसाल्ने अधिकार छैन र ? यति संवेदनशील र गम्भीर मुद्दामा तपाईं अब पनि संवेदित नभए कहिले हुने ? अर्कालाई अमानव बनाएर हामी कसरी मानव हुन्छौं ? मौजुदा सामाजिक कुप्रथालाई, सामाजिक शोषणको निकृष्टरूप जातीय छुवाछूतलाई परम्परागत समाजको स्थायी चरित्र भनेर पन्छिने छुट अब छैन । इतिहासले हामीलाई धिक्कार्ने छ । पुरानो र स्थापित पद्धति भनेर अब पनि विस्थापन गराउन सकिएन भने हाम्रो लोकतन्त्र र गणतन्त्रको अर्थ र परिभाषा राजतन्त्रकै जस्तो भएन र ?

लोकतन्त्रको पब्लिक डिस्कोर्स अब सामाजिक निरूपणमा जानुपर्छ । त्यसका लागि सांस्कृतिक नेतृत्व राष्ट्रपतिबाट हुनुपर्छ भने अन्य राजनीतिक, आर्थिक पक्षको नेतृत्व प्रधानमन्त्री र मातहत सबै राजनीतिक दलमार्फत हुनुपर्छ । अमानवीय, सामाजिक, धार्मिक कानुनको पक्षधरको बिल्ला हामी कथित उच्च जातिको निधारमा लागेको छ । पानी छोएको, चुलो छोएको अनि कथित उच्च जातसँग प्रेम गरिएको कारण मान्छे मार्ने धार्मिक कानुन हाम्रो देशमा विद्यमान छ, यसलाई पुछ्ने स्वर्णिम समय आएको छ । तपाईं राष्ट्राध्यक्ष भएको बेला सबैको आत्मसम्मान एकै पटक जुरुक्क उठ्नुपर्छ । हजारौं वर्षदेखि मान्छे बन्ने हक नदिएर वञ्चितीकरणमा पारेका मान्छेको पीडाबारे अब पनि नबोल्नु मान्छे नहुनुको प्रमाण हो । कृपया म बोल्छु, बोल्दै आएको छु अमानव भएर बस्न मलाई पनि मन छैन ।

सम्माननीय राष्ट्रपतिज्यू, गणतन्त्र प्राप्तिपछि राज्यका प्रमुख संवैधानिक पदमा एकल जातीय वर्चस्व कायम भएको देखिन्छ । जसलाई चिर्न अनुपस्थितिमा उपस्थिति बोध गर्न पनि केही गम्भीर र ऐतिहासिक महत्त्वको निर्णय सरकार मार्फत गराएर लालमोहर लाउँदै जानुपर्ने हुन्छ । भौतिक अनुपस्थितिमा पनि उपस्थिति बोध गर्ने लोकतन्त्र हामीलाई चाहिएको छ । अबको लोकतन्त्रमा प्रतिनिधित्व व्यक्ति र समुदायको भन्दा मुद्दा र विषयको ज्यादा हुनु जरुरी हुन्छ । तब मात्र अनुपस्थितिमा पनि उपस्थिति भेटिन्छ । पहिचान व्यक्तिको मात्र होइन मुद्दाको आवश्यक छ । तसर्थ मुद्दा सम्बोधन भए कुनै समुदायको भौतिक उपस्थिति र अनुपस्थितिले तात्त्विक भिन्नता राख्दैन ।

महामहिमज्यू, तपाईंलाई राष्ट्रपतिको गौरव धान्ने र यसको मर्यादा अभिवृद्धि गर्ने अभिभारा छ । राष्ट्रपति आलोचनाको भागीदार होइन, आदर र राष्ट्रिय एकताको प्रतीक हो भन्ने विषयलाई प्रमाणित गर्नुछ । त्यसका लागि संविधान बाहिर नजानु नै यसको सीमा र अनुशासन हो । संविधानविद विपिन अधिकारी भन्छन्, 'संवैधानिक राष्ट्रपतिको सबैभन्दा ठूलो शक्ति भनेको निष्पक्षता हो ।' दलसँगको लोयल्टी छोडेर, दलीय बन्धनबाट निर्बन्ध हुनु नै राष्ट्रपतिको विशिष्ट योग्यता हो । राजनीतिक विश्लेषकहरू भन्छन् राष्ट्रपतिले आफूलाई सेन्टर अफ पावरको रूपमा बुझ्नु हुँदैन । त्यसो भयो भने प्रधानमन्त्रीसँग खटपट सुरु हुन्छ र व्यवस्थामा सङ्कट आउँछ । राष्ट्रपति पावर होइन प्रतिष्ठा आर्जन गने संस्था बन्नुपर्छ ।

हाम्रो राष्ट्रपति संस्था सेरोमोनियल यस कारण पनि होइन कि 'राष्ट्रपतिसँग संविधानअन्तर्गत दर्जनौं त्यस्ता अधिकार छन्, जसमा राष्ट्रपतिले प्रधानमन्त्रीलाई सहयोग गर्नु भएन भने प्रधानमन्त्रीले प्रयोग गर्ने कार्यकारी अधिकार प्रयोग गर्ने सक्नु हुन्न । त्यसैले यो सेरोमोनियल पनि होइन ।' संविधानविद् भीमार्जुन आचार्य राष्ट्रपतिको वर्तमान भूमिकालाई पूर्ण संवैधानिक र पूर्ण सेरोमोनियल दुवै नभएको, बीचको अवस्था रहेको सुनाउँछन् । हाम्रा दलहरू राष्ट्रपतिको भूमिकालाई आफूअनुकूल व्याख्या गर्छन् र विवादित बनाउन माहिर छन् । परिस्थितिजन्य कुराले गडबडी हुने गरेको छ । निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीलाई दलहरूले कहिले संविधान मिच्न उक्साए त कहिले संविधान मिच्यौ भनेर गाली गरे । आफूअनुकूल हुँदा राष्ट्रपतिमा स्वविवेकीय अधिकारको प्रयोग हुन्छ भनेर व्याख्या गरे भने आफू प्रतिकूल बन्दा राष्ट्रपतिको स्वविवेकीय अधिकार संविधानले नचिन्ने जिकिर गरे । राष्ट्रपतिलाई दलीय स्वार्थका लागि, सरकारको स्वार्थका लागि प्रयोग गर्ने दलहरूको अभिलाषा रहुन्जेल राष्ट्रपतिको गरिमा खुकुरीको धारमा हुन्छ । जहाँ पलपल, फुकीफुकी पाइला चाल्नुपर्ने स्थिति बन्छ । त्यसैले पनि राष्ट्रपति पद कार्यकारी नहुँदा पनि अति संवेदनशील र विशेष महत्वको हो । औसत योग्यताले राष्ट्रपतिको भूमिकालाई न्याय गर्न सक्तैन । राष्ट्रपतिको संवैधानिक सक्रियता हाम्रो संविधानले कल्पना गरेको छैन ।

राष्ट्रपतिलाई प्रयोग गर्न दलहरूले पटक पटक प्रयास र प्रयोग गरे । त्यो भूल अब दोहोरिनु हुन्न । विगतका राष्ट्रपतिहरूबाट भएका सकारात्मक भूमिकाको अनुकृति गरी राष्ट्र र राष्ट्रपतिको गरिमा अझ फराकिलो बनाउने दायित्व वर्तमान राष्ट्रपतिको काँधमा छ । राष्ट्रपति संस्था शक्ति केन्द्र नभएर आस्थाको केन्द्र र अभिभावकीय केन्द्र हो । राष्ट्रपतिको भूमिका सन्तुलित र वजनदार हुनु वाञ्छनीय छ । विगतमा झैं मन्त्रिपरिषद्ले गर्ने निर्णयमा आफ्नो पनि भाग खोज्ने प्रवृत्ति हाबी भयो भने आस्थाको धरोहर आक्रोशको निशानामा पर्छ ।

राष्ट्रपति संवैधानिक सेरोमोनियल हो । राष्ट्रपतिले मन्त्रिपरिषद्को सिफारिसमा काम गर्छ, संविधानले स्पष्ट तोकेको अरू कुनै काम वा पदाधिकारीको सिफारिसमा राजकाजका सवालमा कुनै पनि निर्णय आफैं लिन वा काम आफैं सम्पादन गर्ने अधिकार राष्ट्रपतिलाई दिएको छैन । संविधान राजाले मिचे भनेर संविधान नमिच्ने राष्ट्रपतिको परिकल्पना गर्दै गणतन्त्रमा पर्दापर्ण गरिएको हो ।

जनताको छोरो आफ्ना कर्मले पुग्ने सर्वोच्च स्थलमा गैरसंवैधानिक बन्न मिल्दैन । किनभने संविधानको धारा ६१ मा उल्लेख गरिएको छ । (१) नेपालमा एक राष्ट्रपति रहनेछ । (२) राष्ट्रपति नेपालको राष्ट्राध्यक्ष हुनेछ । निजले यस संविधान र सैंय कानुनबमोजिम कार्य सम्पादन गर्नेछ । (३) राष्ट्रपतिले नेपालको राष्ट्रिय एकता प्रवर्द्धन गर्नेछ । (४) संविधानको पालना र संरक्षण गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ भनिएको छ ।

सम्माननीय रामचन्द्र पौडेलज्यू, आममान्छेले तपाईंबाट राख्ने अपेक्षा यस्तो छ ।

साझा र अभिभावक राष्ट्रपति, संवैधानिक तर सेरोमोनियल, राष्ट्रपति संस्थाको नयाँ मानक, शासक होइन, नवसंस्कृतिका निर्माता, चुस्त र किफायती भ्रमणशैली, सबै नेपालीको समता, मर्यादा आत्मसम्मानको कदर गर्ने र विनयशील र अनुशासित आदि इत्यादि ।

प्रिय राष्ट्रपतिज्यू, राष्ट्रपति पनि आफन्त साथीभाइ चिनजान र विशिष्ट व्यक्तिका निम्तामा सहभागी हुने बिहे, भोज, जन्ती, मलामी, पास्नी, खेतबारी, व्रतबन्ध, छेवर, न्वारन, मन्दिर मस्दिज, गुम्बा आदि जस्ता कार्यक्रममा जान स्वतन्त्र हुनुपर्छ किनभने यी निजी जीवनका कार्य हुन् । यस्ता अनौपचारिक कार्यक्रमलाई राजकीय प्रबन्ध र मर्यादा आवश्यक हुन्न । यस्तो अवसरमा राष्ट्रपतिलाई औपचारिकताले बाँधेर राख्नु पनि व्यक्तिको निजी र सामाजिक जिन्दगीको अधिकार बाट वञ्चित गर्नु हो । राष्ट्रपति जतासुकै सामान्य तवरले जान सक्छन् । यस्तो बेला औपचारिक मर्यादाको छेकबार ठिक हुँदैन । सुरक्षाको सामान्य प्रवन्ध भए पुग्छ । राष्ट्रपति सहज र सरल बनून् भनेको साइकल चढेर हिँड्नु, टेम्पो चढेर नै हिँड्नु भन्ने पनि होइन । राष्ट्रका विशेष दिवस र औपचारिक समारोहमा, विदेशी पाहुनाको स्वागत, सत्कार, बिदाइ, भोज, भेटघाट अलि व्यवस्थित र चुस्त हुनुपर्छ । यहाँ राजकीय प्रोटोकल मान्नु अन्यथा मानिन्न । जनताको वारेस सर्वोच्च प्रतिनिधि पद सम्मानित र स्मरणीय हुनुपर्छ । हामी जनताको छोरो प्रिय, आदरणीय र अनुकरणीय राष्ट्रपतिको पक्षमा छौं ।

रामचन्द्र पौडेलज्यू, कांग्रेसको बन्धनबाट मुक्त हुँदा जय नेपालको बन्धनबाट मुक्त नभए पनि हुन्छ । जय नेपाल जसले जहाँ र जहिले प्रयोग गरेको भए पनि देशको सर्वोच्च संस्थामा बस्नेले जय नेपाल भन्न हिचकिचाउनु पर्दैन । एउटा भुइँ मान्छेले जनताको छोरा राष्ट्रपतिसँग राखिएको अपेक्षा र विश्वास हो । यो विश्वास म प्रतिनिधि भएर राखेको हुँ । यहाँ आम सर्वसाधारणदेखि देशका बौद्धिक, प्राज्ञिक र विशिष्ट व्यक्तिको अभिलाषा छ ।

सम्माननीय राष्ट्रपतिज्यू, हार्दिक बधाई तथा शुभकामना ! भन्दै मर्यादामा आँच पुग्ने कुनै शब्द परे क्षमा माग्छु ।

*(साभार: रातोपाटी)*

# बिजुली उत्पादन क्षमता २५०० मेगावाटमाथि, वर्षामा आधा निर्यातको चुनौती

काठमाडौं/४४ मेगावाटको सुपर मादी जलविद्युत परियोजना आइतबार राष्ट्रिय प्रसारणमा जोडिएपछि नेपालको राष्ट्रिय प्रसारण लाइनमा जडित क्षमता २ हजार ५२६.९ मेगावाट पुगेको छ ।

नेपाल विद्युत प्राधिकरणका अनुसार चालु आर्थिक वर्षमा मात्रै ३७६ मेगावाट बिजुली राष्ट्रिय प्रसारण लाइनमा थपिएको छ । यही वर्ष १८ वटा नयाँ आयोजनाले विद्युत उत्पादन थालेका छन् ।

प्राधिकरणका प्रवक्ता समेत रहेका विद्युत भारप्रेषण केन्द्र प्रमुख सुरेशबहादुर भट्टराई आयोजना निर्माण धमाधम सकिँदै गर्दा जडित क्षमता बढ्दै गएको बताउँछन् । योसँगै वर्षायाममा व्यवस्थापन गर्नुपर्ने बिजुलीको परिमाण पनि बढ्दै गएको उनले बताए ।

देशभित्र विद्युत खपत दर नबढ्दा भारतबाट निर्यातको अनुमति नपाए वर्षायाममा ठूलो मात्रामा बिजुली खेर जाने चिन्ता छ । वर्षायाममा नदी प्रवाहमा आधारित परियोजनाबाट पूर्ण क्षमतामा बिजुली उत्पादन हुन्छ । कुल जडित क्षमता बराबरै उत्पादन भएको बिजुली देशभित्र खपत हुन नसक्ने निश्चित छ ।

साँझ र बिहानको 'पिक आवर'मा १७ सय मेगावाट बिजुली नेपालभित्र खपत हुने गरेको छ । रातमा बिजुली खपत स्वत: कमजोर बन्छ । यस्तो अवस्थामा आगामी वर्षाअघि थप आयोजनाको बिजुली राष्ट्रिय प्रसारणमा जोडिँदै छन् ।

यसअनुसार पिक आवरमै पनि आगामी वर्षायाममा करिब ८०० मेगावाट बिजुली देशभित्र खपत हुन नसक्ने अवस्था छ । रातमा त्यस्तो परिमाण १००० मेगावाट नाघ्ने देखिन्छ । खपत हुन नसकेको बिजुली निर्यात गर्न नसकिए परियोजनाहरु बन्द गरेर खेर फाल्नुपर्ने हुन्छ । विगतका वर्षमा पनि निर्यात हुन नसकेको बिजुली 'स्पिल' (खेर) गरिएको थियो । अझ निजी क्षेत्र (स्वतन्त्र ऊर्जा उत्पादक कम्पनीहरु)का परियोजना बन्द गर्नु परे प्राधिकरणले क्षतिपूर्ति नै दिनुपर्छ ।



निर्माणाधीन आयोजनाहरु धमाधम सकिन थालेसँगै राष्ट्रिय प्रसारणमा बिजुली जोडिने क्रम बढ्दा हिउँदयाममा भने राहतको अवस्था सिर्जना हुँदैछ । नदीमा पानीको सतह घट्ने भएकाले हिउँदमा चाहिने आधा बिजुलीको लागि भारतको भर पर्नु परिरहेको छ ।

सरकारी तथ्यांकअनुसार राष्ट्रिय प्रसारणभन्दा बाहिरकोसहित गर्दा देशको विद्युत उत्पादन क्षमता २६०० मेगावाट नाघिसकेको छ । राष्ट्रिय प्रसारणबाहिर ८५ मेगावाट बिजुली रहेको अनुमान छ । विद्युत प्राधिकरणसहित स्वतन्त्र विद्युत उत्पादक र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका आयोजनाहरुमार्फत विद्युत उत्पादन हुने गरेको छ ।

अहिले विद्युत प्राधिकरण र उसका सहायक कम्पनीबाट १ हजार १२२ मेगावाट बिजुली उत्पादन भइरहेको छ । निजी क्षेत्रका आयोजनाहरुले १ हजार ४१० मेगावाट बिजुली उत्पादन क्षमता पुऱ्याएका छन् । नेपाल विद्युत प्राधिकरणले यो वर्ष ८०० मेगावाट विद्युत प्रणालीमा थपिने अनुमान गरेको थियो । लक्ष्यअनुसार आयोजनाहरुको निर्माण सकिए यसैवर्ष जडित क्षमता ३००० मेगावाट नाघ्ने छ । प्राधिकरणका सहायक कम्पनी मार्फत बनिरहेका रसुवागढी, मध्यभोटेकोशी लगायत आयोजना सकिए लक्ष्यअनुसार जडित क्षमता पुग्छ । त्यसअनुसारको काम भने भएको छैन ।

अहिले ३ हजार मेगावाट भन्दा बढीका आयोजना निर्माणको चरणमा छन् । १० हजार मेगावाट भन्दा बढीका आयोजना विद्युत खरिद सम्झौताका लागि प्रतिक्षामा छन् । त्यसमध्ये १५०० मेगावाटको आयोजना पीपीए गर्ने चरणमा छन् ।

निर्माण सकिएका आयोजनाहरुको बिजुलीको वर्षे व्यवस्थापन भने टाउको दुखाइको विषय बनेको छ । जलविद्युत आयोजनाहरुको निर्माण धमाधम सकिँदै गर्दा अधिकतम् बिजुली भारत निर्यात हुने वातावरण बनाउन लागिपरेको विद्युत प्राधिकरण नेतृत्वको भनाइ छ । गत ५ र ६ फागुनमा भारतमा भएको नेपाल-भारत ऊर्जा सचिवस्तरीय संयुक्त बैठकले १३०० मेगावाटसम्म बिजुली भारत निर्यात गर्न आधार तय गरेको छ । अहिले ६०० मेगावाट बिजुली आदानप्रदान भइरहेको ढल्केबर-मुजफ्फरपुर प्रसारणलाइनबाट ८०० मेगावाटसम्म आयात-निर्यात गर्न भारत तयार भइसकेको छ ।

बिहारसँग जोडिएका र क्सौल-परवानीपुर, कुशाह-कटैया, मैनह्या-सम्पतियासहितका प्रसारण लाइनबाट ४०० मेगावाटसम्म निर्यात गर्न दिन पनि भारत तयार छ । टनकपुरबाट ८० मेगावाटसम्म बिजुली भारत पठाउन सकिने अवस्था छ ।

अहिले भारतले इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा नेपालबाट ४५२ मेगावाट बराबरको आयोजनाबाट उत्पादित बिजुली मात्र निर्यात गर्न अनुमति दिएको छ ।

नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ भारतले चरणबद्ध रुपमा थप आयोजनालाई अनुमति दिइरहेको र अब पनि दिँदै जाने बताउँछन् । 'हामीले प्रस्ताव गरेका अरु आयोजनाहरुले पनि अनुमति पाउनेमा विश्वस्त छौं,' उनी भन्छन्, 'भारतसँगको ऊर्जा व्यापार तथा सहकार्य भविष्यमा थप विस्तार हुँदै गएर दुवै मुलुकले अधिकतम् लाभ उठाउने हाम्रो विश्वास छ ।'

गत १९ जेठदेखि ३ पुससम्ममा प्राधिकरणले ११ अर्ब १६ करोड ३० लाख रुपैयाँको विद्युत भारततर्फ निर्यात गरेको थियो । देशभित्र खपत गरी अतिरिक्त भएको एक अर्ब ३५ करोड ७७ लाख ५७ हजार युनिट विद्युत निर्यात गरी प्राधिकरणले ११ अर्ब १६ करोड ३० लाख रुपैयाँ (६ अर्ब ९७ करोड ६९ लाख भारु) आर्जन गरेको थियो ।

आउँदो वर्षामा देशभित्र खपत नहुने बिजुली व्यवस्थापनको चुनौतीसँग जुध्दै देशलाई आर्थिक लाभ दिलाउन प्राधिकरण तयार रहेको घिसिङ बताउँछन् । आगामी वर्षायाममा १२०० मेगावाटसम्म बिजुली भारत निर्यात हुनसक्ने सम्भावना रहेको उनले बताए ।

नयाँ बनेकासहित करिब ४०० मेगावाट बिजुली निर्यातका लागि भारतमा प्रस्ताव पठाएको जानकारी कार्यकारी निर्देशक घिसिङले दिए । बंगलादेशमा पनि वर्षायाम अगावै ५० मेगावाट बिजुली निर्यात थाल्ने योजना बनाएका उनी त्यसका लागि पूर्वाधार अभाव नहुने बताउँछन् ।

'अरुण तेस्रोबाट निस्कने २ हजार मेगावाट बिजुली भारत निर्यात गर्न अर्को वर्ष प्रसारणलाइन पनि तयार हुन्छ,' उनी भन्छन्, 'त्यो लाइनको पुरा क्षमता ४ हजार मेगावाट हो । बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारणलाइन बनाउन पनि टेन्डर भइसकेको छ ।'

*(स्रोत: अनलाइनखबर)*

# विदेश राइट्सबाट 'जारी' प्रदर्शन अगावै नाफामा

काठमाडौं/नेपाली निर्मातालाई ओभरसिज राइट्स र डिजिटल राइट्स लगानी सुरक्षित गर्ने बलियो आधार बन्दै गएको छ । पोस्टरदेखि टिजर-ट्रेलरले राम्रो प्रतिक्रिया बटुलेको छ भने प्रदर्शन अगावै फिल्मको विदेश राइट्स महंगोमा बिक्री हुने गरेको छ । फिल्मले नेपालमा राम्रो कमाई गऱ्यो भने त झन् विदेशमा माग थेगिनसक्नु हुन्छ । र, निर्माताले विदेश राइट्स बेचेरै फिल्मको लगानी सुरक्षित गर्छन् ।



आगामी बैशाख १ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'जारी'को टिजर र ट्रेलरले उम्दा प्रतिक्रिया पाएपछि यतिबेला विदेशमा माग बढेको छ । निर्माण कम्पनी बाँसुरी फिल्म्सले अमेरिका, अष्ट्रेलिया, युरोप, मध्यपूर्व तथा पूर्वी एसियाली मुलुकमा फिल्मको राइट्स बेचिरहेको छ । जसबाट निर्माताले डेढ करोड बढी कमाइसकेका छन् । योसँगै फिल्म नाफामा गएको जानकारी प्राप्त छ ।

नेपालमा प्रदर्शनभन्दा अगावै विदेशमा फिल्मको माग उच्च हुनु नेपाली फिल्म क्षेत्रको लागि नै शुभ संकेत रहेको निर्माता रामबाबु गुरुङले बताए । यसअघि उनी निर्देशित फिल्म 'कबड्डी ४'ले अन्तर्राष्ट्रिय बजारमा ठूलो कमाई गरेको थियो । फिल्मका निर्देशक उपेन्द्र सुब्बा, कलाकारहरु दयाहाङ राई, विजय बराल र मिरुना मगर अप्रिल २२ मा लण्डनमा हुने प्रिमियरमा सहभागी हुँदैछन् ।

लिम्बू समुदायमा प्रचलित जारी प्रथामा आधारित रहेको फिल्ममा रोयदीप श्रेष्ठ, रेखा लिम्बु, प्रेम सुब्बा, अनिल सुब्बा, पुस्कर गुरुङ, कमलमणि नेपाल, उपसंग्बा नेम्बाङ, सीताकुमारी तुम्बापो, पन्थक ठुलेलगायतको पनि अभिनय छ । डेब्यू निर्देशक उपेन्द्र सुब्बा स्वयंको लेखन रहेको फिल्ममा झुमा लिम्बु र गंगा थापाको संगीत, शैलेन्द्र डि कार्कीको छायांकन र निमेष श्रेष्ठको सम्पादन छ ।

# 'नाङ्गो गाउँ': साम्राज्ञीसँग रोमान्टिक कार्म

काठमाडौं/सुपरहिट फिल्म 'छ माया छपक्कै' फेम्ड निर्देशक दीपेन्द्र लामाको निर्देशनमा फिल्म 'नाङ्गो गाउँ'को काभ्रेपलाञ्चोकको बेथानचोक गाउँपालिकामा छायांकन भैरहेको छ ।



यही चैत १० गतेबाट सुरु भएको छायांकन एक महिनासम्म चल्ने निर्देशक लामाले बताए । अहिले दयाहाङ राई, साम्राज्ञी राज्यलक्ष्मी शाह, कार्म शाक्य, शिशिर वाङ्देल लगायतले आफ्नो भागको छायांकन गरिरहेका छन् ।

निर्माण पक्षले सञ्चार माध्यमलाई उपलब्ध गराएको तस्विरमा कार्म खोलाको किनारमा साम्राज्ञीसँग रोमान्टिक भावमा प्रस्तुत छन् भने दयाहाङ र शिशिर गफिँदै देखिएका छन् । फिल्ममा दयाहाङको जोडीको रुपमा अभिनेत्री मिरुना मगर छिन् । मिरुनाले भने केही दिनमा सुटिङ सेट ज्वाइन गर्ने बताइएको छ । फिल्ममा वुद्दि तामाङ, पुष्कर गुरुङलगायतको पनि मुख्य भूमिका रहेको छ ।

मनिष्मा फिल्मस्को ब्यानरमा हिमाल शर्मा निर्माता रहेको फिल्मलाई आलोश शुक्लाले छायांकन गरिरहेका छन् । निर्देशक लामाले निर्देशन गरेको '२ नम्बरी' यो वर्ष सुपरहिट भएको थियो । उनले 'घामपानी र गोपी'को पनि निर्देशन गरिसकेका छन् । दीपेन्द्रले दयाहाङसँग यसअघि 'घामपानी र २ नम्बरी'मा सहकार्य गरेका थिए । मिरुना, साम्राज्ञी र कार्मसँग उनको पहिलो जुगलबन्दी हो ।

# आउँदो साउनपछि बैंकहरुलाई कर्जा लगानीमा झन् कडाइ

काठमाडौं/चालु आर्थिक वर्षको प्रथम त्रैमासमा कर्जा-निक्षेप अनुपात (सीडी रेसियो) को दबावले कर्जा लगानी गर्न नसक्ने अवस्थामा रहेका बैंकहरु दोस्रो त्रैमासपछि भने सहज अवस्थामा छन् ।

राष्ट्र बैंकको ९ चैतको तथ्यांकअनुसार अहिले बैंक तथा वित्तीय संस्थाको औसत सीडी रेसियो ८५.७३ प्रतिशत छ । बैंकहरुले निक्षेपको ब्याजदर घटाउन सुरु गरेसँगै विस्तारै कर्जाको ब्याजदर पनि घट्ने अवस्थामा छ ।

तर, राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिमा गरेको व्यवस्थाका कारण साउनपछि बैंकहरुलाई कर्जा लगानी गर्न थप कठिनाइ हुने देखिएको छ । राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामा 'काउन्टर साइक्लिकल बफर' को व्यवस्थालाई २०८० साउनदेखि कार्यान्वयनमा ल्याउने घोषणा गरेको छ ।

राष्ट्र बैंकले कर्जा विस्तार र अर्थतन्त्रको विस्तारलाई सँगै लैजान भन्दै 'काउन्टर साइक्लिकल बफर' कार्यान्वयनमा ल्याउने बताएको छ । कर्जा विस्तार उच्च भएपनि त्यसको प्रभाव अर्थतन्त्रमा नहुँदा अर्थतन्त्र असन्तुलन र वित्तीय स्थायित्वमा समेत दवाव पर्ने अवस्था भएको भन्दै केन्द्रीय बैंकले कर्जा विस्तारको आधारमा ०.५ प्रतिशतदेखि २.५ प्रतिशतसम्म थप पूँजीकोषको व्यवस्था गर्नेगरी 'काउन्टर साइक्लिकल बफर' कार्यान्वयन ल्याउन लागेको हो ।

पछिल्लो पाँच वर्षको कुल गार्हस्थ उत्पादन र कर्जा अनुपातको औसत निकालेर आगामी असार मसान्तमा कायम हुने कुल गार्हस्थ उत्पादन र कर्जाको अनुपात बीचको अन्तरको आधारमा काउन्टर साइक्लिकल बफर कार्यान्वयन हुने राष्ट्र बैंकका प्रवक्ता डा. गुणाकर भट्टले बताए । 'अनुपात हेरेर ०.५ प्रतिशतदेखि २.५ प्रतिशतसम्म थप पूँजीकोष कायम गर्नेगरी एकीकृत निर्देशनमा व्यवस्था गरेका छौं' उनले भने ।

राष्ट्र बैंकद्वारा जारी एकीकृत निर्देशन २०७९ अनुसार पछिल्लो ५ वर्षको जीडीपी र कर्जाको अनुपातको औसत तथा पछिल्लो वर्षको जीडीपी र कर्जा अनुपातबीचको अन्तरअनुसार ०.५ प्रतिशतदेखि २.५ प्रतिशतसम्म थप पूँजीको कायम गर्नुपर्ने हुन्छ । यस्तो अन्तर ५ अंक भन्दा कम भए थप पूँजी आवश्यक पर्दैन । ५ प्रतिशतदेखि ७.७ अंकसम्म अन्तर भए थप ०.५ प्रतिशत पूँजीकोष कायम गर्नुपर्ने हुन्छ ।

यस्तै उक्त अन्तर ७.५ देखि १० अंकसम्म भए थप १ प्रतिशत पूँजीकोष कायम गर्नुपर्ने हुन्छ । उक्त अन्तर १० देखि १२.५ अंकसम्म भए १.५ प्रतिशत थप पूँजीकोष कायम गर्नुपर्छ भने १२.५ अंकदेखि १५ अंकसम्म अन्तर भए २ प्रतिशत थप पूँजीकोष कायम गर्नुपर्ने हुन्छ ।

उक्त अन्तर १५ अंकभन्दा माथि हुँदा २.५ प्रतिशत पूँजीकोष कायम गर्नुपर्ने व्यवस्था राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको लागि जारी गरेको एकीकृत निर्देशिकामा छ ।

**बैंकहरुलाई कति थप पूँजीकोष चाहिएला ?**

चालु आर्थिक वर्ष ०७९/८० को कुल गार्हस्थ उत्पादन कति पुग्छ भन्ने तथ्यांक सार्वजनिक हुन केही समय लाग्नेछ । गत आर्थिक वर्षको तथ्यांकअनुसार २०७९ असार मसान्तमा कुल गार्हस्थ उत्पादनको अनुपातमा बैंकहरुको निक्षेप ९६.६ प्रतिशत पुगेको छ ।

२०७४ असार मसान्तमा उक्त अनुपात ७०.७ प्रतिशत रहेकोमा ०७५ असारमा ७५.४ प्रतिशत, ०७६ असारमा ८४.३ प्रतिशत र ०७८ असारमा ९६.८ प्रतिशत पुगेको थियो । यस आधारमा ५ वर्षको जीडीपी अनुपातमा कर्जाको औसत ८४.८ प्रतिशत देखिन्छ ।

यस्तै, ०७९ असारको जीडीपीमा कर्जा अनुपात ९६.६ प्रतिशत छ । जीडीपी अनुपातमा कर्जाको पछिल्लो पाँच वर्षको औसत र गत असार मसान्तको अनुपात बीचको अन्तर ११.८ छ । यसलाई आधार मान्दा १.५ प्रतिशत थप पूँजीकोष कायम गर्नुपर्ने देखिन्छ ।

चालु आर्थिक वर्षमा कर्जा विस्तार न्यून रहेकाले जीडीपीको तुलनामा कर्जा गत असार मसान्तको भन्दा माथि जाने देखिँदैन । ०८० असार मसान्तमा पनि जीडीपी र कर्जा अनुपात ९६.६ प्रतिशत नै रहे पछिल्लो ५ वर्षको औसत बढ्न जान्छ । यस्तै, आगामी असार मसान्त र पछिल्लो ५ वर्षको औसतबीचको अन्तर घट्न गई थप गर्नुपर्ने पूँजीकोष घट्न जान्छ ।

पछिल्लो समय बैंकहरुमा बढ्दै गएको निष्क्रिय कर्जा अनुपातका कारण बैकहरु थप दबावमा छन् । निष्क्रिय कर्जा बढ्दै गएको बेला थप पूँजीकोष कायम गर्नुपर्दा आगामी दिनमा कर्जा विस्तार गर्न समस्या हुने बैंकरहरु बताउँछन् ।

नेपाल बैंकर्स संघका अध्यक्ष सुनिल केसी 'काउन्टर साइक्लिकल बफर' कार्यान्वयन हुँदा बैंकहरुको कर्जा दिने क्षमतामा सकुंचन आउने बताउँछन् । उनी भन्छन्, 'पूँजीकोष उच्च भएका बैंकलाई त्यसले समस्या नगर्ला, तर कम पूँजीकोष भएका बैंकहरुको कर्जा विस्तार क्षमतामा संकुचन हुन्छ ।' राष्ट्र बैंकले काउन्टर साइक्लिकल बफर अन्तर्गतको थप पूँजीकोष प्राथमिक पूँजी 'टियर १ क्यापिटल' बाटै कायम गर्नुपर्ने व्यवस्था गरेको छ ।

राष्ट्र बैंकले ६ प्रतिशत प्राथमिक पूँजी र २.५ प्रतिशत क्यापिटल कन्जर्भेसन बफरसहित ८.५ प्रतिशत प्राथमिक पूँजी हुनुपर्ने व्यवस्था गरेको छ । यस्तै, २.५ प्रतिशत पूरक पूँजीको रुपमा ऋणपत्र लगायत उपकरणमार्फत व्यवस्थापन गर्न सकिने व्यवस्था छ ।

*(अनलाइनखबरबाट)*

# सिर्सिया नदी प्रदूषण गर्ने ५ वटा उद्योगलाई १५ लाख जरिवाना

वीरगञ्ज/वीरगञ्ज महानगरपालिकाले सिर्सिया नदी प्रदूषण गर्ने पाँच वटा उद्योगलाई १५ लाख रुपैयाँ जरिवाना गरेको छ । वीरगञ्ज-पथलैया औद्योगिक करिडोरका पाँच वटा उद्योगलाई महानगरले ३/३ लाख रुपैयाँका दरले १५ लाख रुपैयाँ जरिवाना गरेको हो ।

वीरगञ्ज-२१ स्थित ग्लोबल लेदर, अर्निका प्रोसेसि, श्रीसिधि टेक्सटायल्स, मोरियम लेदर र वडा नम्बर ३२ मा रहेको दुर्गा पल्प्स एण्ड पेपर उद्योगलाई ३/३ लाखका दरले जरिवाना गरिएको प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले जानकारी दिए ।

पाँच वटै उद्योगलाई मंगलबार पत्राचार गर्दै ७ दिनभित्र तोकिएको जरिवाना रकम महानगर पालिकामा बुझाउन निर्देशन दिइएको उनले बताए । ७ दिनभित्र जरिवाना वापतको रकम नबुझाएमा प्रचलित कानून अनुसार उद्योगहरु विरुद्ध थप कारबाही प्रकृया अगाडि बढाइने उनको भनाइ छ ।

महानगरको वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन २०७७ को दफा ३७ मा नदी प्रदूषित गरेमा जरिवाना गर्न सक्ने व्यवस्था छ । यसअघि महानगरले गत फागुन १६ गते उद्योगहरुबाट निस्केको खरानी सिर्सिया नदीमा फाल्न प्रयोग गरिएको तीन वटा ट्याक्टरलाई समेत नियन्त्रणमा लिएर १/१ हजार रुपैयाँ जरिवाना गरेको थियो ।

बाराको रामवन झाडीबाट कञ्चन पानी सहित सुरु हुने सिर्सिया नदी पर्साको वीरगञ्ज महानगर हुँदै भारत बिहारको रक्सौलतर्फ बग्ने गरेको छ । औद्योगिक कोरिडोरमा रहेका छाला, डिस्टिलरी, टेक्सटायल, घ्यू, साबुन लगायतका उद्योगबाट निस्कने फोहोर, रसायनयुक्त पानीसँगै जीवजन्तुका सडेगलेका छाला, रौं, खरानी, लेदो लगायतका विकारहरू नदीमा मिसिइँदा दुर्गन्धित बनेको स्थानीयबासिन्दा बताउँछन् । नदी प्रदूषणले बारा पर्सामा नदी आसपास बसोबास गर्ने सर्वसाधरण मात्रै नभएर रक्सौलका बासिन्दा समेत प्रभावित हुँदै आएका छन् ।

सिर्सिया नदीलाई प्रदूषणमुक्त बनाउन भनी महानगरले दुई महिनादेखि अभियान चलाईरहेपनि सन्तोषजनक परिणाम आउन सकेको छैन । महानगरका उपमेयरको संयोजकत्वमा गठित सिर्सिया नदी प्रदूषण नियन्त्रण समितिले निरन्तर नदी क्षेत्रका उद्योगको अनुगमन गर्ने भनिएपनि अहिले त्यो कार्य रोकिएको छ । सर्वसाधरणले प्रदूषित नदीमा नै यसवर्षको चैती छठ मनाएका छन् ।

# भारतीय टेलिसिरियल खिचेका महेश, जसले 'प्रेमा' खिचे

काठमाडौं/आगामी चैत २४ गतेबाट प्रदर्शन हुन लागेको लभस्टोरी फिल्म 'प्रेमा' दुई कारणले विशेष छ । पहिलो, लामो समय साउथ इन्डियन फिल्ममा काम गरेर फिल्म 'रणवीर'बाट निर्देशनमा राम्रो सम्भावना देखाएका गोविन्द सिंह भण्डारीले फिल्मको निर्देशन गरेका हुन् । दोस्रो, फिल्मलाई कयैन् भार तीय विज्ञापन तथा टेलिसिरियलमा छायांकनको अनुभव बटुलिसकेका महेश पौडेलले खिचेका हुन् ।

यद्यपि, महेशका लागि नेपाली फिल्मको छायांकन नयाँ होइन । उनले यसअघि दुई नेपाली फिल्म 'मञ्जरी' र 'रणवीर'को छायांकन गरेका थिए । उनले सन् २००५ देखि व्यावसायिक रुपमा छायाँकारको रुपमा काम गर्न थालेका हुन् । भारतको मेघालय राज्यमा जन्मिएका उनले छायांकन गरेको पहिलो नेपाली फिल्म 'मञ्जरी' थियो । यही फिल्मबाट पौडेल निर्देशक भण्डारीसँग नजिक बने ।

'रणवीर'मा निर्देशक भण्डारीसँग काम गरिसकेका उनी भन्छन्, 'गोविन्दजी काममा प्रष्ट हुनुहुन्छ । उहाँलाई क्यामेरा फ्रेमिङदेखि हरेक कुराको ज्ञान छ । त्यही भएर काम गर्न सजिलो हुन्छ ।' उनले इण्डिया टीभी इमाजिनबाट प्रसारण हुने 'शनीदेवकी महिमा', स्टार प्लसबाट प्रसारण हुने 'जय माँ दुर्गा' र लाइफ ओकेबाट प्रसारण हुने 'चन्द्रकान्ता' टेलिसिरियलको छायांकन गरिसकेका छन् ।

भारतीय टेलिभिजन च्यानलमा टेक्निकल हेड भएर ३ वर्ष काम पनि गरेका उनले नेपालमा धेरै टिभीसी विज्ञापन पनि खिचिसकेका छन् । उनको अनुभवमा फिल्मको जनराले छायांकनमा कुनै प्रभाव पार्दैन । तथापि, छायांकन राम्रो देखिन थिएटरको भिजिबिलिटी राम्रो हुनुपर्ने उनको भनाई छ । छायांकनको हिसाबमा अन्य जनराभन्दा एक्सन फिल्ममा बढी मिहिनेत लाग्ने पौडेलको अनुभव छ ।

एक्सन फिल्ममा लाइटिङ र क्यामेराको प्रयोग बढी नै हुने भएकाले क्यामरापर्सनलाई चुनौती बढी हुने उनी बताउँछन् । छायांकन राम्रो हुनलाई कलाकारको अभिनय, प्रोपर्टी, लोकेशन धेरै कुरामा तालमेल हुनुपर्ने उनको बुझाई छ । 'स्क्रिप्ट पढ्दा हाम्रो दिमागमा एउटा फ्रेम बनेको हुन्छ । तर, फिल्डमा जाँदा त्यो अनुसार प्रोपर्टी वा लोकेसन भएन भने पनि छायांकन राम्रो हुँदैन,' उनी भन्छन् ।

बाघठाटा फिल्म फ्याक्ट्रीको ब्यानरमा बनेको यो फिल्ममा अरुण क्षेत्री, शुभेक्क्षा खड्का, सृष्टि श्रेष्ठ, विमला केसी, हिउँवाला गौतम, पुरण जोशी, सबिन बास्तोला, रोशनी स्याङबो, प्रकाश बस्नेत, महान थापा, सुरेन्द्र बसेल, भिभियाना थपलिया (काजु) लगायतको अभिनय रहेको छ । निर्देशक भण्डारी र विवेक घिमिरेको लगानी रहेको फिल्मको कार्यकारी निर्माता सामर्थ विक्रम थापा हुन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाई हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

साझाकुरा

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

# उपाध्यक्ष न्यौपानेको राजीनामाले मकवानपुरमा धक्का

साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/नेकपा एकीकृत समाजवादीका केन्द्रीय उपाध्यक्ष केदार न्यौपानेले दिएको राजीनामा स्वीकृत भएको छ ।

यसअघि नै राजीनामा बुझाएर हेटौंडास्थिर घरमै रहेका न्यौपानेको राजीनामा ढिलो गरी स्वीकृत गरिएको हो । राजीनामा बुझाएपछि उनी हेटौंडामा निरन्तर भेटघाट र निजी काममा व्यस्त थिए । पछिल्लो राजनीतिक घटना क्रमका बीचमा उनको राजीनामा पार्टी कार्यालयले थाती राखेको थियो । उनले हेटौंडामा नेकपा एमालेका युवापुस्ताका नेताहरुसँग निरन्तर भेटघाट गर्दै एमालेमै पुन: फर्किन सक्ने संकेत दिएका थिए । पार्टी कार्यालय आलोकनगरमा मगलबार बसेको सचिवालय बैठकले उपाध्यक्ष न्यौपाने र स्थायी कमिटी सदस्य चुडामणि जंगलीले दिएको राजीनामा स्वीकृत गरेको हो ।



न्यौपानेले पार्टी छोडेसँगै नेकपा (एकीकृत समाजवादी) मकवानपुरलाई ठूलो धक्का लागेको छ । मकवानपुरको कम्युनिष्ट राजनीतिमा आदर्श नेताका रुपमा चिनिएका उनको राजीनामाले पार्टीलाई समस्या पर्ने चर्चा भइरहेको हो । पार्टीले लिएको नीति र कार्यदिशाप्रति असहमति राख्दै नेता न्यौपानेले राजीनामा दिएका थिए । उनले एमालेबाट विभाजन हुँदाको पार्टी र हालको पार्टीको सिद्धान्त, विचार र योजनामा फरक आएको भन्दै फरक मत राख्दै आएका थिए । स्थानीय र प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनलगत्तैदेखि उनी एमाले र नेकपा एस मिल्नुपर्ने पक्षमा थिए । पछिल्लो सत्ता गठबन्धनले यी दुई पार्टीलाई झन् टाढा बनाएपछि न्यौपानेले पार्टी छाडेका हुन् ।

उपाध्यक्ष न्यौपाने एमाले प्रवेश गर्ने तयारीमा रहेको स्रोतले जानकारी दिएको छ । मकवानपुरमा उनी निकटका नेता, कार्यकर्ता पनि एमालेसँग नजिकिएको चर्चा भइरहेको छ । न्यौपानेको समसामयिक राजनीतिक घटनाक्रमसँग मिल्दो 'धोकाको नशा' कविता धेरै चर्चित बनेको थियो । तत्कालीन नेकपाको पोलिटब्यूरो सदस्य तथा एमालेमा २०४५ सालदेखि पटक-पटक केन्द्रीय सदस्यको भूमिका रहेका न्यौपाने एमाले विभाजनसँगै एकीकृत समाजवादीको उपाध्यक्ष बनेका थिए । एमालेमा रहँदा माधव नेपाल पक्षका न्यौपाने भने एकीकृत समाजवादीभित्र एमालेसँग मिल्नुपर्ने लाइनका मुख्य नेता हुन् ।

यसबीचमै न्यौपानेको केही समयअघि एउटा कविता आयो, 'धोकाको नशा' । कविता वाचन गरिरहेको कविताको भिडियो उनले आफ्नो सामाजिक सञ्जालमा पोष्ट गरे । उनको यो कविता एमालेसँगको गठबन्धन फुटाएर कांग्रेससँगै मिल्ने प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको निर्णय र एमालेबाट विभाजन हुने र हाल राष्ट्रपतिको उम्मेदवार प्रस्ताव लत्याएर कांग्रेसलाई साथ दिने माधव नेपालको निर्णयसँग सम्बन्धित रहेको चर्चा छ । उपाध्यक्ष न्यौपानेको कविता चर्चामा छ । उनको कवितामाथि कतिपयले वर्तमान राजनीतिक अवस्थाको यथार्थ चित्रण गरेको टिप्पणी गरेका छन् भने कतिपयले विचलन हुन खोजेकोसमेत आरोप लगाएका छन् ।

न्यौपाने मकवानपुरमा वैचारिक, असल र सरल जीवनयापन गर्ने नेताका रुपमा परिचित छन् । उनै न्यौपानेको वैचारिक राजनीतिले मकवानपुरमा धेरै कम्युनिष्ट नेता जन्माएको चर्चा हुने गरेको छ । एमाले मकवानपुरका युवा पुस्ता उनकै उत्पादनसमेत हुन् । जसकारण पनि न्यौपाने एमाले फर्किने हल्लाले राम्रै बजार पाएको छ । न्यौपानेले २०२९ सालमा पार्टी सदस्यता लिएका थिए । २०३१ सालमा भूमिगत राजनीति गरेका उनले भूमिगतकालमा बारा जिल्लाको पार्टी सचिव बनेर काम गरेका थिए । २०३२ सालपछि उनी तीन वर्ष जेलसमेत परेका हुन् ।

न्यौपानेकै सहोदर दाइ मुकुन्द न्यौपाने पनि एकीकृत समाजवादी छोड्ने तयारीमा छन् । उनले पार्टी छोड्नु अवागै एकीकृत समाजवादीले न्यौपानेलाई सातदिने स्पष्टीकरण सोधेको छ । न्यौपानेले विगत केही समययता लगातार कार्यकर्ता भड्काउने गरी स्ट्याटस लेखेको निष्कर्षसहित पार्टीले स्पष्टीकरण सोधेको हो । तर, एकीकृत समाजवादीले उक्त निर्णय गोप्य राखेको छ । नेकपा एसमा तेस्रो वरि यताका नेता मुकुन्द न्यौपानेले एमालेसँग मिल्नुपर्ने भन्दै पार्टी बैठकमा लिखित प्रस्ताव नै पेस गरेका थिए ।

# पूर्वी क्षेत्र फापरबारीमा रामनवमी मेला



साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/ मकवानपुरको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिकामा रामनवमी मेला सुरु भएको छ । बागमती गाउँपालिका अध्यक्ष सर्केश घलानले मेलाको उद्घाटन गरेका हुन् । उद्घाटन कार्यक्रममा गाउँपालिका उपाध्यक्ष फणिन्द्रकुमार तिमल्सिना, वडाअध्यक्षहरु, राजनीतिक दलका प्रतिनिधि, स्थानीय समाजसेवीलगायतको सहभागिता रहेको थियो ।

चैत १६ गतेसम्म बागमती-८, शान्तिपुर फापरबारीस्थित रामजानकी मन्दिरमा मेला संचालन हुने मेलाका संयोजक खड्कबहादुर पुलामीले जानकारी दिए । मेलामा करिव एक सय स्टल रहेका छन् । मेलामा बालउद्यान, खाना, कपडा, भाँडाकुँडा, खाद्यान्न, जुत्ता चप्पलका स्टल छन् । करिव दुई करोड रुपैयाँ कारोवारको लक्ष्य राखिएको मेलामा लगभग एक लाख बढी दर्शकले अवलोकन गर्ने आयोजकले अनुमान गरेको छ । मेला अवलोकन गर्न मकवानपुर सहित सर्लाही, रौतहट, बारा, पर्सा, सिन्धुली, काभ्रे र ललितपुर बाट दर्शकहरु आउने मेला आयोजक समितिका सहसंयोजक मनोज नेगीले जानकारी दिए ।

मेलामा स्थानीय उत्पादनहरु प्रवर्द्धन गरिने आयोजकले जनाएको छ । स्थानीयस्तरमा उत्पादन भएका सुन्तला, बेसार, केरा, साग, कफी, बागमती खोलाको माछा, अर्गानिक बंगुरको छोइला, फापरको ढिँडो लगायत खाद्यान्नको प्रवर्द्धन तथा स्थानीय कलासंस्कृति, तामाङ समुदायको डम्फुनाच, भजनकीर्तन, राई, मगरको संस्कृति झल्कने साँस्कृतिक कार्यक्रम गरिने स्थानीय समाजसेवी तथा सल्लाहकार किशोर रानाले जानकारी दिए ।

ऐतिहासिक रामनवमी मेला फापरवारीको शान स्थानीय कलासंस्कृति, कृषि, पर्यटन प्रवर्द्धन हाम्रो पहिचान भन्ने मुल नाराकासाथ स्थानीय धार्मिक तथा ब्यापार मेलाको आयोजना गरिएको बागमती गाउँपालिका वडा नं. ८ का वडाअध्यक्ष केशव तिमल्सिनाले बताए । मेलामा गायक विश्व दोङ, ताराप्रकाश लिम्बु, क्षितिज रानामगर लगायतले सांगीतिक प्रस्तुति दिने कार्यक्रम तय भएको आयोजकले जनाएको छ । २०३३ सालदेखि वार्षिकरुपमा हुँदै आएको मेला कोरोना महामारीपछि सञ्चालन हुन सकेको थिएन ।

# सभामुखको अधिकार कुण्ठित गर्न खोजे संसद गतिहीन हुन्छ: बर्तौला



साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/नेकपा एमालेका सचेतक महेशकुमार बर्तौलाले प्रतिनिधिसभा नियमावलीमार्फत् सभामुखको अधिकारलाई कुण्ठित गर्न खोजे संसदको प्रभावकारितामा गतिरोध उत्पन्न हुने बताएका छन् ।

सचेतक बर्तौलाले प्रतिनिधिसभाका सभामुख सभाको नेता भएको भन्दै उनलाई सिंगो संसदले विश्वास गर्नुपर्ने बताए । उनले प्रतिनिधिसभा नियमावलीमा सांसदहरुले संशोधन प्रस्ताव दर्ता गराउनु सार्वभौम अधिकारको कुरा भए पनि सबैले सभामुखप्रति विश्वास गर्नुपर्ने बताए । मंगलबार सचेतक बर्तौलाले सभामुख सभाको रेफ्री भएको भन्दै रेफ्रीले कतिबेला सिठ्ठी बजाउने भन्ने कुरा कतै भएको निर्णयबाट निर्देशित भएर गर्नु नहुने बताए । उनले सभामुखले कार्यव्यवस्था परामर्श समितिको निर्णयको आधारमा मात्रै सभा सञ्चालन गर्ने व्यवस्था भएमा संसदको प्रभावकारितामा गतिरोध उत्पन्न हुने बताए ।

सचेतक बर्तौलाले त्यसो भएमा संसदीय मूल्य, मान्यता र गरिमा नरहने बताए । सचेतक बर्तौलाले सभामुखले तटस्थ भूमिका निर्वाह गर्न नसकेमा त्यसको उपचार खोज्ने व्यवस्था नियमावलीमा नै रहेको बताए । नियमावली बनाउने सन्दर्भमा सत्तापक्ष र प्रतिपक्षको छाया पार्नु नहुने उनले बताए । उनले कार्यव्यवस्था परामर्श समितिको निर्णयको आधारमा मात्रै सभामुख अगाडि बढ्दा संसद गतिहीन हुनसक्ने र अवरोधको जञ्जालमा पर्नसक्ने बताए । सचेतक बर्तौलाले संसदमा नियमावली निर्माणको सन्दर्भमा विभाजित हुनु हुँदैन भन्ने निष्कर्ष राजनीतिक दलहरुको रहेको पनि जनाएका छन् ।

# आदिवासी जनजाति युवा महासंघको जिल्ला अध्यक्षमा मोक्तान

साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/ मकवानपुर जिल्ला आदिवासी जनजाति युवा महासंघको अध्यक्षमा इन्द्रबहादुर मोक्तान चयन भएका छन् । मंगलवार बसेको जिल्ला भेलाले मोक्तानलाई सर्वसम्मत चयन गरेको हो ।



मोक्तानको नेतृत्वमा १७ जना कार्यसमिति चयन भएको छ । उपाध्यक्ष सानु गुरुङ, आशिष थापा, लोकेन्द्र माझी चयन भएका छन् । यसैगरी सचिवमा भुपेन्द्र रानामगर, सह-सचिवमा बुद्धराम, कोषाध्यक्षमा सुनिल खड्की चयन भएका छन् । यस्तै सदस्यहरुमा मनिता रानामगर, सूर्य अस्लामीमगर, युवराज लो, अरुण मोक्तान, ओमशंकर स्याङतान्, शुरजबाबु तितुङ, नवराज सिन्तान, गौरी तामाङ र छोइसाङ स्याङ्तान चयन भएका छन् ।

आदिवासी जनजाति युवा महासंघ नेपालको केन्द्रीय प्रतिनिधि रोशन गोलेको सभाध्यक्षतामा भएको भेलामा जनजाति महासंघ नेपालको उपमहासचिव रामकृण ब्लोनको प्रमुख आतिथ्यता रहेको थियो । भेलामा आदिवासी जनजाति महासंघ वाग्मती प्रदेशका अध्यक्ष बिलाम मोक्तान, नेपाल तामाङ् युवा घेदुङ केन्द्रीय सदस्य राजकुमार गोले, नेपाल मगर संघ मकवानपुरका अध्यक्ष सन्देश तुम्सिङमगरलगायतको आथित्यता रहेको थियो ।

हार्दिक समवेदना



जन्म २०१९-५-२२
मृत्यु २०७९-१२-१०

स्व. बाल कृष्ण गोपाल श्रेष्ठ

यस गोरक्षेश्वर क्षेत्र विकास समितीका सचिव गीता श्रेष्ठको पूजनीय पति **बाल कृष्ण गोपाल श्रेष्ठको** असामयिक स्वर्गारोहण भएकोमा हामी ज्यादै मर्माहत् भएका छौं । शोकको यस घडिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**उत्तम शर्मा ढकाल (अध्यक्ष) एवम्**

**श्री गोरक्षेश्वर क्षेत्र विकास समिति परिवार,**

हेटौडा -१० मकवानपुर

Education is the real treasure

ADMISSIONS OPEN FOR 2080

From Nursery to Grade 9

Scholarships

a feature of socially resposible institution ....

Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats

Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats

Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats

APPLY NOW www.admission.hetaudaacademy.edu.np

HETAUDA ACADEMY
RESIDENTIAL SECONDARY SCHOOL
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

शुद्ध शाकाहारी




हामी कहाँ बिभिन्न मिठाइहरू,बेकरी आईटम, आईसक्रिम हरूका साथै हेटौंडामै अरू भन्दा फरक चाट काउन्टर सहितका बिभिन्न फास्ट फुडहरु सूपथ मूल्यमा पाईन्छ ।

चाट काउन्टर | बेकरी आईटम | मिठाइ | फास्ट फुड | आईसक्रिम

हिमालयन स्विट एण्ड बेकरी
हेटौंडा-४, स्कूलरोड ९८१४२८३३७२

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्



कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।

कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।

मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

पसल बिक्रीमा

हेटौंडाको स्कूलरोडमा चालु अवस्थामा रहेको श्री गणेश इलेक्ट्रोनिक्स पसल विशेष कारणबास बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८१३३२१२२

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

प्रो. राजु सेन्चुरी
सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३

भुटनदेवी अल्मुनाई एशोसिएसन (पूर्व विद्याथीहरुको संस्था)को

साधरण सभा सवन्धी सूचना

यस एसोसिएसनको १७ औं वार्षिक साधरण सभा एवम् मित्र मिलन कार्यक्रम निम्न मिति ,समय र स्थानमा हुने भएकोहुदा सम्पूर्ण सदस्य महानुभावहरुलाई अनिवार्य उपस्थीतिको लागि हार्दिक निमन्त्रणा गर्दछौ।

*कार्यक्रम विवरण*
मिति:२०७९ साल चैत २५ गते शनिबार
समय:विहान ८ वजे
स्थान: वनस्खण्डी देवी मन्दिर परिसर हेटौडा -२
सहभागिता शुल्क :रु १०००।-(प्रति सदस्य)

*थप जानकारीको लागि*
१. श्री गणेश कुमार श्रेष्ठ-९८५५०६९२२९
२. श्री विजेन्द्र अग्रवाल-९८४१४४५२२६
३. श्री सुरेश कुमार श्रेष्ठ-९८४५०५७२५०
४. श्री प्रेम लाल श्रेष्ठ-९८५५०७१२८०
५. श्री नरेन्द्र श्रेष्ठ -९८४५०२२८९९
६. श्री प्रद्युम्न उपाध्याय-९८५५०७१६९७
७. श्री श्रीकृष्ण पराजुली-९८५५०७०७६५
८. श्री विष्णु गोपाल महर्जन-९८५५०६७०२९
९. श्री अनिल खड्के-९८४९९३७४६१
१०.श्री राजेन्द्र पोखेल-९८४५०२५५४०
११.श्री ध्रुवराज शर्मा-९८४५१०६१२३
१२.श्री कृष्ण गोपाल वर्तौला-९८४५२६९५२३
१३.श्री कपिला जोशी-९८४५०२२८५५
१४.श्री प्रमिला अर्याल-९८५५०२५६४६

चन्द्र बहादुर थापा (संयोजक)
९८५१०५८३९२

भुटनदेवी अल्मुनाई एशोसिएसन, परिवार
हेटौंडा-४ मकवानपुर

सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

☞ सार्वजनिक सम्पतिको अतिक्रमण नगरौं ।
☞ सार्वजनिक सम्पति स्याहार संभार गरी साझा हितमा प्रयोग गरौं । सार्वजनिक सम्पतिको संरक्षण गर्नु सबैको कर्तव्य हो ।
☞ सार्वजनिक सम्पतिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ ।
☞ सार्वजनिक सम्पतिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना